प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंड, मकवानपुर

नेपाल

**डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरुको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरिएको सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशन मिति: २०८०/०५/१३)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८०/०३/२९ गते प्रकाशित सूचना अनुसार डिप्लोमा तथा प्रमाणपत्रका वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति तर्फ सम्पुर्ण कार्यक्रमहरुको मिति २०८०/०५/०२ गते बिहान ८:०० बजे तोकिएका परीक्षा केन्द्रहरुमा संचालन गरिएको प्रवेश परीक्षामा सम्मिलित भई डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८० अनुरुप लिखित परीक्षाको प्राप्ताङ्क र एस.एल.सी./एस.ई.ई.को शैक्षिक प्रमाणपत्रहरु बापत तोकिएका अङ्कको योगफल गरी स्वीकृत कार्यक्रमहरुको वर्ग, कोटाको योग्यताक्रम बमोजिम मिति २०८०/०५/१२ गतेको निर्णयानुसार मुख्य उम्मेदवार, बैकल्पिक र उत्तीर्ण सूची प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। मुख्य उम्मेदवारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८०/०५/२२ गते कार्यालय समय भित्रमा आफ्नो प्रवेश पत्र, नतिजाको प्रति, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्म दर्ता, छनौट भएको लक्षित वर्गको सक्कल प्रमाणपत्रहरु, फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन जानकारी गराईन्छ। सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धि निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम परीक्षार्थीहरुले पेश गरेको सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गराउन हुन अनुरोध छ। साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मितिसम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद् बागमती प्रदेश कार्यालयको इमेल ठेगाना exam@ctevtbagmati.org.np मा अनिवार्य रुपमा भर्ना सम्बन्धी निर्देशिकाको दफा २७ (ख) बमोजिम ३ दिन भित्रमा अनिवार्य रुपमा लिखित जानकारी गराउनु पर्नेछ।

**निर्देशक**